# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति - २०८१

**(Gender Equality and Social Inclusion Mainstreaming Strategy – 2024)**

**केराबारी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**केराबारी , मोरङ्ग**

**कोशी प्रदेश, नेपाल**

**२०८१**

# बिषय सूची


बिषय सूची ........ क
तालिका सूची ........ ग
१. पृष्ठभूमि ........ १
१.१. केराबारी गाउँपालिकाको परिचय ........ ५
१.२. पालिकाको वतर्मान समस्या ........ ५
१.३. लैससास मूलप्रवाहीकरण रणनितिको औचित्य तथा आधार ........ ६
२. लैससास को अवस्था र विश्लेषण ........ ८
२.१. स्थानीय तहको लैससास को अवस्था ........ ८
२.२. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु ........ ८
२.३ लैससासको दृष्टिकोणबाट गाउँपालिका को सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण ........ ८
२.४. सरोकारवाला पहिचान तथा विश्लेषण ........ ९
२.५. लक्षित् वर्ग हरु को पहिचान ........ १०
२.६. लक्षित वर्गका समस्या पहिचान ........ १०
३. दिर्घकालीन सोच ........ १३
४. धेय ........ १३
५. लक्ष्य ........ १३
६. उद्धेश्यहरु ........ १३
७. रणनीतिहरु ........ १४
८. रणनैतिक क्रियाकलापहरु ........ १६
८.१. रणनितिक कृयाकलापहरु र कार्ययोजना (आ. व.२०८१/८२ देखि २०८३/८४ सम्म, तिन आ.व. को कृयाकलापहरु) ........ १६
९. बित्त व्यवस्थापन ........ ३२
१०. कानुनी व्यवस्था ........ ३२
१०.१. नीतिको पुनरावलोकन तथा सुधार ........ ३३
१०.२. खारेजी तथा बचाऊ ........ ३३
११. रणनीतिको कार्यन्वयनको जिम्मेवारी तथा दद्दयित्व ........ ३३
१२. रणनीतिको कार्यन्वयन अनुगमन तथा मुल्यांकन सम्बन्धि व्यवस्था ........ ३६
१२.१. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समिति ........ ३६
१२.१.१ लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार. ३६
१२.२. लैससास मूलप्रवाहीकरण रणनीति कार्यन्वयन तथा अनुगमन उपसमिति वडास्तरमा ........ ३८
१२.२.१ लैससास समन्वय उपसमितिको काम, कर्तब्य र अधिकार ........ ३८
१२.३.गुनासो व्यवस्थापन ........ ३९

**१३. जोखिम विश्लेषण** ........ ४१
**१४. लैससास रणनीतिबाट आउने अपेक्षित उपलब्धिहरु** ........ ४२
**१५. विविध** ........ ४२
१५.१ बाधा अडचन फुकाउने ........ ४२
**१६. अनुसूचीहरु** ........ ४३

# तालिका सूची

तालिका १: केराबारी गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण ................ ९
तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण ..................................................................१०
तालिका ३: लक्षित् वर्ग हरु को पहिचान ............................................................................१०
तालिका ४: लक्षित वर्गका समस्या पहिचान........................................................................१०
तालिका ५: पहिलो वर्ष (आ. व. २०८१/८२) को रणनितिक कृयाकलापहरु ...................................१६
तालिका ६: दोस्रो वर्ष (आ. व. २०८२/८३) को रणनितिक कृयाकलापहरु र कार्ययोजना .......................२१
तालिका ७: तेस्रो वर्ष (आ. व. २०८३/८४) को रणनितिक कृयाकलापहरु र कार्ययोजना........................२६
तालिका ८: रणनीतिको कार्यान्वयनमा पालिकाको जिम्मेवारी र दायित्व .......................................... ३४
तालिका ९: सम्भावित जोखिम तथा न्यूनिकरणका लागि ध्यान दिनुपर्ने कुराहरु .................................. ४१

## १. पृष्ठभूमि

नेपालको संविधानको ले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले हरेक नागरिकहरु, सामाजिक र सांस्कृकित रुपले पछाडि समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान ले प्रत्येक्ष रुप मा व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ । संबिधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहँुचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ । लैससासअवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन जरुरी रहेको छ । स्थानीय सरकार तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा स्थानीयकरण गर्दै लैजान र एक रुपता कायमगर्न नयाँ रणनीतिको आवश्यक रहेको छ ।

**संक्षिप्त नाम र परीभाषा**

यस रणनीतिको नाम लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ रहने छ र यो केराबारी गाउँपालिकाले स्वीकृति गरेको मिति देखि लागु हुनेछ ।

परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) **“रणनीति”** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०८१ सम्झनु पर्दछ ।

ख) **"स्थानीय तह"** भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) **"गाउँपालिका"** भन्नाले केराबारी गाउँपालिका सम्झनु पर्दछ ।

घ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको स्थानयि तहको आवधिका विकास योजना, बार्षिक विकास योजना, एकीकृत शहरी विकास योजना, नगर सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्दछ ।

च) **"समाजिक वञ्चितीकरण"** भन्नाले परम्परादेखि चलिआएको अनौपाचारिक मुल्य मान्यत बमोजिम लिङ्ग, जातजाति, धर्म, आदि विभेद कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई मान्नुपर्दछ ।

छ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोगबाट वञ्चित भई जोखिममा परेका र आर्थिक सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरण परेका समुहहरुलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयामा सहभागिी गराई उपलव्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई बुझ्नु पर्दछ ।

ज) **"लैससास सम्पर्क व्यक्ति वा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यलय वा निकायमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

झ) **"सामाजिक सामावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दे समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई बुझ्नु पर्दछ ।

ञ) **"विकास साझेदार"** भन्नाले सरकारसँग भएको सम्झौता बमोजिक नगद, जिन्सी एवम प्राविधिक सरहयोग उपलव्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृनिकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिगैरसरकारी संस्था सम्झनु पर्दछ ।

ट) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलिन कानून वमोजिम स्थापना भएका स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य संचानल गर्ने गैर नाफामूलक संस्था बुझनु पर्दछ ।

ठ) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेट सुनिश्चितता, बजेटका सबै प्रक्रियमा लैगिक मूलप्रवाहिकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनावद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकिरण गर्दे कार्यक्रम छनौट गरी लगानि गर्ने पद्धतिलाई जनाउँछ ।

ड) **"उपभोक्ता समिति"** भन्नाले परम्परागत रुपमा लामो समयदेखि जातिय, आर्थिक, लैङ्गिक, पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थरु, मुस्लिम, पिछडावर्गा, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, अल्पसंख्यक, जेष्ठ नागरिक बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता बुझ्नु पर्दछ ।

ढ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेको जातिय भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँदछ ।

ण) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थतीति वा अवस्था अनुसार ढाली अधिकतम उपयोग गर्ने प्रकृया बुझ्नु पर्दछ ।

त) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला र पुरुषलाई थप अवसर दिएर समातामूलक स्थितीको निर्माण गर्न गरिने प्रयासलाई सम्झनु पर्छ ।

थ) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुष बिच सबै तह र क्षेत्रमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

द) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभन्न सामाजिक समूहहरु बीचको असमान सम्बन्धहरुलाई पुन सुनिश्चित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर, एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई बुझ्नु पर्दछ ।

ध) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यन्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिकरणमा परेका वा पारिएका समुहहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

न) **"सीमान्तकृत"** भन्नाले राजनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएको, भौगिलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेको वा त्यसबाट वञ्चित रहो संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र यो शव्दले अति सीमान्तकृत र लोपन्मुख समुदाय समेतलाई जनाउँछ ।

प) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष, जातिय अल्पसंख्यक समूह, अपाङ्गता भएका तथा अन्य सिमान्तकृत समूहहरुको तहगत तथ्याङ्कलाई बुझ्नु पर्दछ ।

फ) **"सामाजिक परिक्षण"** संस्थाद्धारा संचालिन कार्यक्रमको सामाजिक आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डरुको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्न प्रकृयालाई बुझ्नुपर्दछ ।

ब) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित आदिवासी, जनजाति, आपाङ्ग, जेष्ठ नागरिक, बालबालिका एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनाता सम्झनु पर्दछ ।

भ) **"टोल विकास संस्था"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्छ ।

म) **"उपभोक्त समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्दछ ।

य) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण् गर्ने कार्यलाई सम्झनु पर्दछ ।

र) **"लैससास बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समानमा रहेका विभिन्न जातजाति क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिका तथा जेष्ठ नागरिकहरुको आवश्यकता सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेठलाई बुझ्नु पर्दछ ।

ल) **"लक्षित समुदाय"** भन्नाले यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छ । समुदायमा पछाडि पारिएका महिला, दलित, आदिवासी जानजाति, मद्देशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा, तथा पछाडि पारिएका वा वहिष्करणमा परेका समुदाय भन्ने बुझ्नुपर्दछ ।

## १.१. केराबारी गाउँपालिकाको परिचय

२०२१ को जनगणना अनुसार, केराबारी गाउँपालिकाको जनसङ्ख्या ३४,५०४ छ र जनघनत्व १५७.० व्यक्ति प्रति वर्ग किलोमिटर छ। केराबारी गाउँपालिकाको क्षेत्रफल २१९.८ वर्ग किलोमिटर छ । केराबारी गाउँपालिकामा पाँच ठूला जातिहरू छन्: लिम्बु (६,६३९), क्षेत्री (४,२५०), मगर (४,२३४), राई (३,२७५), र तामाङ (२,४४७)। यी पाँच जातले गाउँ पालिका कुल जनसंख्याको ६८.५०% ओगटेको छ । जनसंख्याको ३.१३%, वा ९५२ जना अपाङ्गता भएका छन्, जसमा ५३.३६% पुरुष र ४६.६४% महिला छन्। केराबारी गाउँपालिका मोरङ जिल्लामा अवस्थित छ र निम्न गाविसहरू समावेश गर्दछः लेटाङ भोगतेनी नगरपालिका (वार्ड नं. १), केराबारी, याङ्शिला, सिंहदेवी, र पाटीगाउँ। नेपालमा ७४४ स्थानीय तह लागू हुँदा मोरङ जिल्लामा साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नं. १,केराबारी,याङशिला, पाटीगाउँ र सिंहदेवी गाउँ विकास समितिहरूलाई समेटेर केराबारी गाउँपालिका बनाइएको हो ।यस गाउँपालिकालाई १० वडामा विभाजन गरिएको छ। जनसंख्या, घरधुरी र साक्षरताः यस पालिकाको कूल जनसंख्या ३४५०४ रहेको छ जसमध्य १६४१५ पुरुष र १८०८९ महिला रहेका छन् |यस पालिकामा जम्मा ८५७३ घरधुरी छन्, जसमध्य ५४८९ घरधुरी का घरमुली पुरुष रहेका छन् भने जम्मा ३०८४ घरमा महिला घरमुली रहेका छन्.| शैक्षिक स्तर को कुरा गर्दा, ५ बर्ष माथिका पुरुष १५०६६ छन् भने महिला चाही १६८२८ छन् | यो कूल संख्या मा, पूर्ण रुपमा लेख पढ गर्न सक्ने पुरुष को संख्या १३०७४ छ भने महिला को १२७९६ रहेको छ.| साथै, पढ्न मात्र सक्ने २८ पुरुष र ३९ महिला छन् भने लेखपढ गर्नै नजान्ने पुरुष १९६२ र महिला ३९९१ रहेका छन् | जात, जाति र मातृभाषाः यहाँ अधिकांश मानिस याक्थुङ लिम्बु (२०.९%) क्षेत्री (१४.१%) र मगर (१३.५%) रहेका छन्। साथै, राई, तामाङ, ब्राह्मण, बि.क. र परियार क्रमशः ११.७%, ७.९%, ७.७%, ६.७% र २.८% रहेका छन् । अधिकांश मानिसहरू हिन्दू (६२%) धर्म मान्छन् भने २०.४% किराँत धर्म मान्दछन्। जनसंख्याको १०.७% बौद्ध धर्म पछ्याउँछन् र ६.८% ईसाई छन्। यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले प्रायः नेपाली (५१.५%) बोल्छन्, त्यसपछि लिम्बू (१७.३%) र मगर धुत (११.५%) बोल्छन्। तामाङ र राई भाषा क्रमशः ५.५% र ४.६% जनसंख्याले बोल्छन्।

## १.२. पालिकाको वतर्मान समस्या

केराबारी गाउँ पालिका मा पछाडी परेको को समुदाय ले विभिन्न खालका समस्या हरु भोग्दै आएको उल्लेखित् भयो । महिला हरु , युवा हरु, दलित हरु, जेष्ठ नागरिक हरु, अपाङ्ग हरु, जनजाती हरु , बाल बालिका हरु, किशोर किशोरी हरु ले विभेद, गरिबी, अपहेलना,कुरीति, हिंसा जस्ता धेरै समस्याहरु को सामना गर्ने पर्ने अवस्था रहेछ । पछिलो चरणमा बालश्रम, युवा हरु मा बेरोजगारी, अपाङ्ग वव्यक्ति हरु लाई अपहेलना, जेष्ठ नागरिक लाई मोबाइल को दुरुपयोग, लाघु पधार्तः सेवन,

बाल विवाह, सामाजिक संजाल को दुरूपयोग बहुबिबाह/ एक्ष्त्र मरिटल अफ्फैर/ दीवोर्स जस्ता समस्या, परिवार विगठन, बिचल्ली बचाहरु, महिलाहरु कार्य बोझ र गरिबी, बढ्दै गएको अवस्था भएको छ । सो कारण ले आर्थिक, सामाजिक र राजनैतिक स्तर म झन पछाडी पर्ने, असुरक्षित र कम्जोर हुने देखिन्ने गरेको छ । पछाडी परेको समुदाय ले स्थानिय तह मा अर्थपूर्ण सहभागिता, समता र पहुच न भएको जस्ता समस्या भएको स्त्रीकुत गर्नु भयो । पालिका तह मा धेरै समस्या को जानकारी हुँदा हुँदा नि लैससास क्षेत्र मा प्रभावकारी रणनीति, कार्यनीति, कार्यविधि, कार्यक्रम, बजेट, न भएको मनन गर्नु भयो । अझै पनि लैससास विषय बस्तु को महत्व जन प्रतिनिध्युज्यु र आम जनता कम भएको अनुमोधन भयो । लैससास अनुसार समस्या हरु को पहिचान न गरिने र सो अनुसार कार्यक्रम तर्जु मा नहुने नि एउटा ठुलो कमजोरी भएको केराबारी गाउँ पालिका लाई जानकारी भयो ।

## १.३. लैससास मूलप्रवाहीकरण रणनितिको औचित्य तथा आधार

देशको नीति, नियम तथा कानूनी पाटोबाट हेर्दा नेपालको संविधान बमोजिम राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्न नहुने र सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएका वा परेका वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बाल—बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने भनी उल्लेख गरेका प्रावधानहरुलाई कार्यान्वयन गर्ने क्रममा नेपालका तिनै तहका सरकार (संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार) हरु दत्तचित्त भएर लागेका छन्। विगतमा दशौं पञ्च बर्षिय योजना (२०५९–२०६४) देखि नै लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईदै आए अनुरूप समावेशीकरण नीति तर्जुमा गर्ने र लैससास सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी संगै लैङ्गिक समानता र सामाजिक समावेशीकरण

> स्थानीय सरकार (संचालन) ऐन, २०७४ अनुसार लैससास मूलप्रवाहीकरणमा स्थानीय सरकारको भूमिका:
>
> - स्थानीय तहको लैससास रणनीतिको तर्जुमा र कार्यान्वयन गर्ने ।
> - न्यायिक समितिको प्रभावकारिता बृद्धि गर्ने ।
> - लैससासका लागि संस्थागत तथा व्यक्तिगत क्षमता विकास गर्ने ।
> - स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रकृयालाई लैङ्गिक तथा सामाजिक समावेशी मैत्री बनाउने।
> - स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने।
> - स्थानीय तहको आवधिक र बार्षिक योजनामा लैससासका मुद्दाहरु समावेश गर्न संवन्धित निकायहरुलाई अभिप्रेरित, सहजीकरण र आवश्यकता अनुसार क्षमता अभिबृद्धिका लागि समन्वय तथा सहकार्य गर्ने ।

सम्बन्धी नीति, २०६६ तयार भई कार्यान्वयन भएको थियो भने हाल आएर राज्यको पुन:संरचना पश्चात पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई सम्बोधन गर्न संघीय सरकारले नीतिगत तथा कानुनी सुधार गर्दै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न संघीय सरकारबाट तयार गरिएको लैङ्गिक समनता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, सामाजिक समावेशीकरण नीति २०७६ र राष्ट्रिय लैंङ्गिक समानता नीति, २०७७, स्थानीय तहको नीति निर्माणमा सहजीकरणका लागि गाँउ पालिका तथा नगरपालिको सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना), कोशी प्रदेश सरकारको लैङ्गिक समानता नीति २०७९ र सामाजिक समावेशीकरण नीति २०७९, संघीय र प्रदेश सरकारबाट लैससास रणनीति सम्वन्धमा भएका निर्देशनहरु, सोह्रौ पंचवर्षिय योजना (२०८१/८२-२०८५/८६) को प्राथमिकता नै वञ्चितीकरणमा परेका वर्ग र समदुायको सामाजिक, आर्थिक, राजनीतिक अवरोधलाई हटाउँदै स्वास्थ्य, शिक्षा, आवास, सीप विकास, रोजगारीका अवसर तथा स्रोत साधन माथि अग्राधिकार दिदै नागरिकहरूको सशक्तीकरण र सर्वाङ्गीण विकासमा परिचालन गर्ने रहेको, दिगो विकास लक्ष्य र नेपाल सरकारले विश्वव्यापी रुपमा गरिएको महिला विरुद्धका सवै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्वन्धि संयुक्त राष्ट्र संघीय महासन्धी १९७९, चौथो संयुक्त राष्ट्र संघीय विश्व महिला संमेलन, १९९५ जस्ता अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धिहरुमा ब्यक्त गरेका प्रतिबद्धताहरू र स्थानीय सरकार (संचालन) ऐन, २०७४ मा स्थानीय सरकारले लैससास मूल प्रवाहीकरणका लागि निर्वाह गर्नुपर्ने भूमीकाहरु नै यो लैससास मूलप्रवाहीकरण रणनीति तयारीको आधारहरु हुन्।

# २. लैससास को अवस्था र विश्लेषण

## २.१. स्थानीय तहको लैससास को अवस्था

यो स्थानीय तहले लैङ्गिक हिँसा बिरुद्धको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेर यस अभियानमा ऐक्यबद्धता जनाईसकेको छ भने आफ्ना नीति तथा कार्यक्रमहरुमा पनि लैससास लाइ नीतिगत रुपमा प्राथमिकतामा राखेको छ। लैंगिक समानताको प्रयासहरुले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको छ | आमा समूह तथा महिला विकास समूह मार्फत महिलाहरु बचत कार्यमा सक्रिय भएका छन् । पालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिलाई प्रबर्धन गर्दै लैजाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने अभ्यासमा यो गाउँपालिकाले ऐन, नियम कार्यविधि तथा विभिन्न मापदण्ड तर्जुमा गर्दा लैससास सम्बन्धि संबेदनशील भएर बनाउने प्रयास गरेको छ |

## २.२. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या चुनौती र अवसरहरु

समाबेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक समतामुलक पहुँच स्थापित गर्न लैंगिक समानता र सामाजिक समाबेशीकरण अवधारणा आवश्यक छ | प्रत्येक समुदाय जातजातिहरुको, समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ | समाजमा बिधमान लैंगिक, जातीय असमानता, विभेदयुक्त ब्यबहार, मूल्य र मान्यता, महिला शोषण तथा उत्पीडन, गरिबी आदिजस्ता बिसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्वारा लैससास क्षेत्रमा राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा गरिएका हस्तक्षर तथा प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न सरकार, गैर सरकारी क्षेत्र, निजि क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको संयुक्त प्रयासमा उल्लेख्य कार्यहरु भएका छन् |

यसै सन्दर्भ मा यस स्थानीय तहमा मा लैंगिक समानता र सामाजिक समाबेशीकरणको समस्या, चुनौती र अवसरहरु सहभागितामुलक विधिद्वारा यसको SOWT विश्लेषण गरेर निकालिएको छ |

## २.३ लैससासको दृष्टिकोणबाट गाउँपालिका को सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट हालको अवस्था पहिचान गरी आगामी रणनीति तय गर्नका लागि गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरुको विश्लेषण गरिनु अत्यन्तै महत्वपूर्ण हुने भएकाले उक्त विश्लेषण गरिएको थियो । यसरी विश्लेषण गर्दा गाउँपालिकामा देखिएको हालको अवस्था निम्न अनुसार तालिका १ मा उल्लेख गरिएको छ:

**तालिका १: केराबारी गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, र चुनौति (SWOT) विश्लेषण**

| **सवल पक्ष** | **कमजोर पक्ष** |
|---|---|
| • गाउँपालिकामा न्यायीक समिति र वडामा मेल मिलाप केन्द्र गठन भएको<br>• स्थानीय तहमा महिला र बालबालिका सम्वन्धी काम गर्ने कर्मचारीको व्यवस्था भएको<br>• विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, राजनैतिक दल, नागरिक समाज तथा अन्य सरोकारवालाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सकारात्मक सहयोग रहेको<br>• बिकासका गतिविधिहरुमा महिला पुरुषको समान सहभागिता हुन थालेका छन् । | • लक्षित वर्गका सामाजिक तथा आर्थिक समस्यहरुलाई सम्बोधन गर्नका लागि प्रयाप्त कार्यक्रमहरु संचालन गर्न नसक्नु<br>• लैससासका कार्यक्रम संचालनका लागि प्रयाप्त मात्रामा आर्थिक श्रोत जुटाउन नसक्नु<br>• लक्षित वर्गलाई मूल प्रवाहमा ल्याउनका लागि प्रयाप्त नीति तथा रणनीतिक योजना नहुनु<br>• हिंसा पिडित व्यक्तिहरुको तत्कालिन उद्धार कार्यका लागि पुनर्स्थापना केन्द्र/ बाल सुधार गृहको स्थापना गर्न नसक्नु |
| **अवसर** | **चुनौति** |
| • स्थानीय सरकारले महिला व्यवसायीलाई कर छुट गरी व्यवसाय गर्ने लैससासका लक्षित वर्गलाई प्रोत्साहन स्वरुप बजेटद्वारा सम्वोधन गर्ने नीति नियम बनाउन सकिने<br>• महिला तथा विपन्न लक्षित व्यक्तिलाई विभिन्न उत्पादनमूक कार्यमा जोड्न सकिने र उनीहरुद्वारा उत्पादित सामग्रीहरुको बजार व्यवस्थापनमा सहयोग गर्न सकिने<br>• विद्यालय र वडाहरुमा गठन भएका वाल क्लवहरुको सहयोग लिन सकिने<br>• लैससासका लक्षित वर्गहरुसंग काम गर्ने विभिन्न संघ संस्थाहरुसंग साझेदारीमा काम गर्न सकिने | • महिलाहरुलाई रोजगारीका अवसरहरु प्राप्त नहुनु<br>• लक्षित बर्गहरुको पँहुच र सहभागितामा देखिएको कमीलाई अर्थपूर्ण सहभागिता गराई पँहुच बढाउन नसक्नु चुनौति भएको<br>• कानूनी रुपमा अधिकार प्राप्त भए पनि प्रकृया झन्झटिलो र कार्यान्वयनमा ढिलाई हुनु<br>• पितृसत्तात्मक सोचका कारण समाजले महिलालाई पुरुषको समकक्षी नभई तल्लो तहको वा कमजोर मान्ने सामन्ती सोच चुनौतिको रुपमा रहेको<br>• कार्य स्थलमा र समुदायमा भएका हिंसाका घटनाहरु उजुरीको रुपमा नआउनु |

*स्रोत: समूह छलफल, लैससास रणनीति तयारी कार्यशाला गोष्ठि, ६बैशाख २०८१, केराबारी गाउँपालिका हल, मोरङ्ग ।*

## २.४. सरोकारवाला पहिचान तथा विश्लेषण

यस गाउँपालिकाका लैससास सम्वन्धि सरोकारवालाहरुलाई प्रत्यक्ष सरोकार राख्ने गाउँपालिका भित्रैका शाखा उपशाखाहरुलाई पहिलो तहका सरोकारवालाहरु, गाउँपालिकास्तरमा कार्यरत विभिन्न स्थानीय संघसंस्था, समूह, नेटवर्कहरुलाई दोस्रो तहका सरोकारवालाहरु, र जिल्ला, प्रदेश तथा केन्द्रस्तरमा कार्यरत गाउँपालिकाबाट टाढाको दूरीमा रहेका भएपनि आवश्यकता अनुसार सम्पर्क समन्वय तथा सहकार्य गर्न सकिने निकायहरुलाई तेस्रो तहका सरोकारवालाहरुको रुपमा छुट्याई निम्न तालिकामा उल्लेख गरिएको छः ।

**तालिका २: सरोकारवाला पहिचान तथा विश्लेषण**

| पहिलो तहका सरोकारवाला निकाय/ संस्था | दोस्रो तहका सरोकारवाला निकाय/ संस्था | तेस्रो तहका सरोकारवाला निकाय/संस्था |
|---|---|---|
| • गाउँपालिका अन्तर्गतका विभिन्न समिति तथा विषयगत शाखाहरु<br>• न्यायिक समिति<br>• लैससास नीति निर्देशन समिति<br>• महिला तथा बालबालिका शाखा<br>• योजना तथा प्रशासन शाखा<br>• शिक्षा शाखा<br>• स्वास्थ्य शाखा<br>• कृषि शाखा<br>• पशु सेवा शाखा<br>• सबै वडा कार्यालयहरु | • आमा समुह<br>• महिला कृषि समुह<br>• सहकारी संस्था<br>• बाल क्लब तथा बाल संजालहरु<br>• विद्यालय तथा बाल विकास केन्द्रहरु<br>• राष्ट्रिय अपाङ्ग महासंघ<br>• स्थानिय संञार माध्यमहरु<br>• विभिन्न लघुवित्त संस्थाहरु/बैङ्कहरु<br>• महिला प्रहरी सेल<br>• जिल्ला प्रहरी कार्यालय<br>• स्वास्थ्य चौकी/केन्द्रहरु<br>• लघुउद्यम विकास कार्यक्रम<br>• नेपाल रेडक्रस सोसाइटी<br>• दलित, महिला, बालबालिका जेष्ठ नागरिक, जातीय उत्थान र अपाङ्गताको क्षेत्रमा काम गर्ने गैह सरकारी संस्थाहरु | • कोशी प्रदेश अनुसंन्धान तथा प्रशिक्षण केन्द्र, झापा<br>• कोशी प्रदेश योजना आयोग, विराटनगर<br>• सामाजिक विकास मंत्रालय कोशी प्रदेश विराटनगर<br>• प्रदेश अन्तर्गत लैससासमा काम गर्ने निकायहरु मुख्य मन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, कोशी प्रदेश, विराटनगर<br>• राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, बिराटनगर<br>• संघीय मामला तथा सामान्य प्रशासन मंत्रालय, सिंहदरवार काठमाण्डौ<br>• महिला बालबालिका तथा जेष्ठ नागरिक मंत्रालय, सिंहदरवार काठमाण्डौ |

## २.५. लक्षित् वर्ग हरु को पहिचान

यस केराबारी गाउँ पालिका का लक्षित बर्घ हरु उल्लेखीत अनुसार छन् ।

**तालिका ३: लक्षित् वर्ग हरु को पहिचान**

| | |
|---|---|
| १. महिला, गर्भती महिला , एकल महिला | २. ज्येस्ठ नागरिक |
| ३. दलित | ४. युवा |
| ५. आधिबाशी | ६. जनजाती |
| ७. अपांग | ८. अल्प संख्यक |
| ९. बाल बालिका | १०. गरिब घरधुरी |
| ११. किशोर किशोरी | १२. वुल्नेरबल घरधुरी |

## २.६. लक्षित वर्गका समस्या पहिचान

**तालिका ४: लक्षित वर्गका समस्या पहिचान**

| लक्षित वर्ग | समस्या |
|---|---|
| महिला | • अर्थपूर्ण सहभागिताको कमी/अभाव<br>• महिलाहरुमा कामको तेहरो जिम्मेवारी<br>• विभन्न रुढीवादी परम्परागत सोच<br>• विविध कारणले महिलाहरु घर बाहिर निर्धक्क भएर निस्कन नसक्नु |

| | |
|---|---|
| | • कारण- घरको सम्पूर्ण कामको भार, बालबालिका हुर्काउने काममा महिलाको मात्र भूमीका र दायित्व हुनु, शिक्षा र आर्थिक अवसरको कमीका कारण महिला पछि परेकाले महिलाको आत्मवल कम हुनु, समुदायमा अहिले सम्म पनि महिलालाई गृहिणीको रुपमा मात्र सिमित राख्न खोज्ने सोच भएको<br>• महिलामैत्री कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु |
| दलित | • समाजमा छुवाछुत तथा विभेदपूर्ण व्यवहार विद्यमान रहनु र छुवाछुत उन्मूलनको कानून भएतापनि यसको उचित कार्यान्वयन नहुनु<br>• दलित सशक्तिकरण कार्यक्रम संचालनका लागि बजेट विनियोजन हुन नसक्नु |
| आदिवासी जनजाति | • ग्रामीण भेगमा महिला पुरुष र छोरा छोरीमा भेदभाव रहनु<br>• कतिपयमा शिक्षा भएर पनि आत्मवलको कमी भएको<br>• आदिवासी जनजातीहरुका परम्परागत ज्ञान सिपको संरक्षणको अभाव |
| अपाङ्गता भएका व्यक्ति | • अपाङ्गता भएका बालबालिकाहरुले सहज रुपमा शिक्षा पाउन नसक्नु<br>• समान अवसरबाट बञ्चित साथै सार्वजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु<br>• अपहेलना, मानसिक यातना, अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यवहारको शिकार हुनु<br>• कुनैपनि विकास क्रियाकलापमा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता नहुनु |
| बालबालिका | • आर्थिक समस्या र शिक्षाको कमीले अझै पनि बालबालिकाहरु सडकमा रहेका<br>• बालमैत्री तथा सचेतनामूलक क्रियाकलापहरु संचालन नहुनु र बाल सहभागिताको अभाव<br>• सम्वन्ध विच्छेद भएका आमाबावुका छोराछोरीहरु मानसिक रुपमा विछिप्त हुनु<br>• बाबुआमाका घरायसी झगडाले बालबालिकाको मानसिकतामा नकारात्मक असर पर्नु<br>• आर्थिक रुपमा विपन्न परिवारका बालालिकाहरु अझैपनि शिक्षाबाट बञ्चित भएको<br>• प्रविधि तथा सामाजिक संजालको दुरुपयोग<br>• लागु औषध प्रयोगमा बालबालिकाको संख्या बढदै जानु |
| जेष्ठ नागरिक | • केहि परिवारमा बृद्ध अवस्था हुदै गएपछि रेखदेखको कमी<br>• केहि परिवारमा औषधि उपचार तथा सम्मानपूर्ण व्यवहारको अभाव<br>• केहि परिवारमा सामाजिक सुरक्षा भत्ता पनि परिवारका अन्य सदस्यले निकालेर बृद्ध बृद्धालाई नदिएको अवस्था |
| पुरुष | • बैदेशिक रोजगारीका कारण पुरुषहरु माथी पनि हिंसाका घटनाहरु बढ्दै जानु<br>• कतिपय अवस्थामा महिलाहरुले पनि आफूले पाएको अधिकारको दुरुपयोग गर्ने गरेको<br>• बढि महत्वाकांक्षी भई आर्थिक मामलालाई मात्र प्राथमिकता दिंदा परिवारमा विखण्डन आएको |
| युवा/ किशोर/ किशोरी | • प्रविधि मैत्री तथा शिपमूलक शिक्षाको अभाव रहेको<br>• विद्यालयहरुमा व्यवहारिक गतिविधि (Practical activities) हरुको कमी भएकोले सैद्धान्तिक विषय मात्र पढेर कुनैपनि व्यवहारिक ज्ञान तथा अनुभव नहुने र शैक्षिक प्रमाणपत्र भएर पनि समयमै कुनै काम नपाउने समस्याले शैक्षिक वेरोजगारी बढिरहेको |

| | |
|---|---|
| | • कलेजका पाठ्यक्रम र वास्तविक काम गर्ने ठाँउमा चाहिने ज्ञान सिपसंग तालमेल नमिल्ने तथा पढाईको क्रममा व्यवहारिक अनुभव हासिल गर्ने गरी ईन्टर्नशिपका कार्यक्रमहरुको कमी<br>• युवाहरु बेरोजगारीका कारण भविश्य सुनिश्चित नदेखेर विदेश पलायन भईरहेको<br>• युवाहरु लागु औषधको कुलतमा फस्ने र यस्ता दुर्व्यसनीको संख्यामा बृद्धि हुँदै गएको<br>• महिनावारीको समयमा किशोरीहरुलाई स्कुलमा समस्या हुने<br>• सामाजिक संजालको दुरुपयोग बढ्दै गएर उत्पादनमूलक काममा लाग्नुको सट्टा यौन हिंसा, दुर्व्यवहार तथा लागु औषधको कुलतमा फस्ने गरेको<br>• धेरै पैसा कमाउने लोभमा अपराधिक कृयाकलापहरु बढ्दै गएको |
| गरिव विपन्न तथा सुकुम्वासी परिवार | • जग्गाजमिनको सिमितता वा हुँदै नहुनुका कारण कृषिमा आधारित व्यवसाय गर्न नसक्नुका कारण खाद्य असुरक्षा भई विहान बेलुकाको खाद्य जोहो गर्न नै कठीन भएको<br>• जीवन निर्वाहका लागि ज्याला मजदुरी तथा तत्कालिन आम्दानीका कामहरु गर्नु पर्ने बाध्यताका कारण दीर्धकालिन सोच राख्न नसक्नु<br>• अशिक्षा र चेतनाको कमीका कारण बालविवाह, घरायसी कलह, मदिराको अत्याधिक सेवन लगायतका सामाजिक कुरीति तथा हानीकरक सामाजिक प्रचलनबाट पिडीत रहनु<br>• विकासका क्रियाकलापहरुमा सहभागीताको कमी, स्रोत साधनमा न्यून पहुँच, निर्णायक तहमा प्रतिनिधित्व हुन नसक्नु तथा विकासको मूलप्रवाहीकरण प्रकृयाबाट अलग रहनु |
| लैङ्गिक तथा यौनिक अल्पसंख्यक | • लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको पहिचान हुन नसक्नु<br>• खुलेर समाजमा आउन नचाहनु र समान अवसरबाट बञ्चित हुनु<br>• समाजबाट अपमानजनक व्यबहार तथा विभेदपूर्ण दृष्टिकोण राख्नु |

## ३. दिर्घकालीन सोच

**दिर्घकालिन सोचः** विभेद अन्त्य गर्दै आर्थिक सामाजिक सम्मान्नित उन्नत समाज को सिर्जना

लैससास सम्बन्धि सामाजिक तथा संस्कृतिक रुपमा बिधमान मूल्य, मान्यता, प्रथा संस्कार र व्यवहारमा परिवर्तन गर्दै विकास प्रक्रियामा महिला पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक, सामाजिक, राजनैतिक, र सार्वजनिक जीवनमा सशक्तिकरण गर्न लैंगिक मैत्री, समाबेशी समानुपातिक र समतामुलक समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## ४. धेय

**धेय :** अन्याय र असमानताको नकारात्मक प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक न्याय र समानतामा रूपान्तरण गर्ने।

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिसालाई निरुत्साहित गर्दै आर्थिक सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनी तथा ब्यबहारिक रुपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समुहहरु तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने ।

## ५. लक्ष्य

आर्थिक, सामाजिक र राजनैतिक रुपमा सशक्तिकरण सहित कानुनि तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, सिमान्तकृत समूह तथा पिछडिएका बर्गहरु बीच समानता स्थापित गर्ने ।

## ६. उद्धेश्यहरु

यस रणनीतिको मुख्य उद्देश्य लैससासको अवधारणा अनुसार गाउँपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिशिष्ट उद्देश्यहरु यस प्रकार छनः

- लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समूहहरुको समाबेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास मूलप्रबाहिकरण गर्ने।
- गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनी पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको अवसर सृजना गर्ने;

- परम्परागत रुपमा चलीआएका हानीकारक सामाजिक मूल्य मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना अभिवृद्धि गरी लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने ।
- स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने |

## ७. रणनीतिहरु

**रणनीति १. मुल्प्रबाहिकरणः**

१.१ यस केरा बारी गाउँ पालिका स्थानीय तहमा महिला, गरीब तथा गरीब र बहिस्करणमा परेका समुदायलेभोगेका समस्या र सवालहरुको पहिचान गर्ने।

१.२ आवधिक योजना , बार्षिक कार्यक्रम लाई लैससास योजना, लैससा समावेशी बजेट % छुटयाउने र निर्माण गर्ने ।

१.३ प्रत्येक वर्ष लैगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरिने ।

१.४ बहिस्करणमा परेका समुदायको सेवामुलक कार्यमा अवसर र पहुच प्रदान गर्ने र तेस्को जानकारी लैससास लाभार्ती लाई गराउने

१.५ लैससास सम्बन्धित नीतिगत ब्यस्थाहरु गर्ने , संस्थागत प्रणाली तथा संरचनाहरू निर्माण गर्ने ।

**रणनीति २. शशक्तिकरण**

२.१ अवसरबाट बन्चित समुदायको ( आदिबासी जनजाती, मधेशी, दलित, अल्पसंख्यक, महिला, अपांगता, बाल बालिका, जेष्ठ नागरिक ) आदिका पालिकाका सम्पूर्ण कर्यिक्रममा अर्थपूर्ण सहभागिता गराउन ।

२.२ अवसरबाट बन्चित समुदायको ( आदिबासी जनजाती, मधेशी, दलित, अल्पसंख्यक, महिला , अपांगता, बाल बालिका, , जेष्ठ नागरिक ) आय आर्जन र रोजगारी अभिबृद्धि कार्यक्रम संचालन गर्ने ।

२.३ पालिकाको लैससास सम्बन्धी कामको प्रचार प्रसार गर्ने ।

**रणनिती ३. क्षमता विकास**

३.१ बहिस्करणमा परेका स्थानीय नागरिकको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि नया कर्मचारी नियुक्ति गरिने लैससास शाखा अन्तर्गत क्षमता अभिबृद्धि गर्ने ।

३.२ बहिस्करणमा परेका समुदायको विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।

**रणनिती ४. लैंगिक उत्तरदायी बजेटः**

४.१ लैंगिक उतरदायी बजेट तर्जुमा १०%  गरिने।

४.२ लैगिक उत्तरदायी वजेट मार्फत नतिजामुखी बार्षिक र आवाधिक योजना तर्जुमा र सोको कार्यन्वयन गर्ने ।

**रणनिती ५. समन्वय सहजीकरण**

५.१ लैससास सम्बन्धी योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकाय आदिसंग समन्वय, सहकार्य गर्ने।

५.२ लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरोकार समुह संस्था, सरकारी, दातृ निकाय एबम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने ।

**रणनिती ६. अनुगमन मुल्यांकन**

६.१ पालिकाको खण्डीकृत तथ्याक तयार गर्ने ।

६.२ पलिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने ।

६.३ लैससास दृष्टिकोण अनुगमन तथा मूल्याँकन गर्ने प्रक्रियालाई  संस्थागत गर्दै लैजाने र सुधार गर्दै लाग्ने ।

६.४ लैगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण।

# ८. रणनैतिक क्रियाकलापहरु

## ८.१. रणनितिक कृयाकलापहरु र कार्ययोजना (आ. व.२०८१/८२ देखि २०८३/८४ सम्म, तिन आ.व. को कृयाकलापहरु)

**तालिका ५: पहिलो वर्ष (आ. व. २०८१/८२) को रणनितिक कृयाकलापहरु**

| क्र. स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | इकाई/संख्या | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिका को संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समुहहरुको समाबेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास मूलप्रबाहिकरण गर्ने। | १.१ लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरि मुलप्रवाहिकरण गरिनेछ। | १.१.१ वडागत रुपमा लैससासका लक्षित वर्ग (महिला, एकल महिला, हिंसा पाडित, गरीब विपन्न, दलित, किशोर किशोरी, युवा, असहाय जेष्ठ नागरिक, आदिवासी जनजाती, लोपोन्मुख तथा सिमान्तकृत जातजाती, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि) हरुको पहिचान गरि उनीहरुको खण्डिकृत तथ्याङ्ग संकलन र सो वर्गले भोगेका समस्या तथा सवालहरु विश्लेषणको प्रतिवेदन बनाउने (Baseline तयार गर्ने) | ४,००,००० | १ पटक | • लैससास खण्डिकृत तथ्याङ्क<br>• लक्षित वर्गका समस्या तथा सवालहरु पहिचान विश्लेषणको प्रतिवेदन<br>• अनुगमन मूल्याङ्कन प्रतिवेदन |
| | | | १.१.२ वडागत रुपमा लैससासका लक्षित वर्ग हरुको समस्या सम्वोधन गर्न, उनीहरुको आवाजको सुनुवाई हुने वातावरण बनाउन र श्रोत साधनमा पहुँच बृद्धिका लागि महिला, दलित, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, जनजाती, अल्पसख्यकहरु को सवालमा आधारित छुट्टाछुट्टै समूह/सञ्जालहरु गठन गर्ने । | ६०००० | २४ समूह | समूह/सञ्जाल दर्ता भएको रेकर्ड |
| | | | १.१.३ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमनका लागि रणनीतिमा व्यवस्था भए अनुसार गाउँपालिका र वडा स्तरिय समितिहरु गठन गर्ने। | 0 | गाउँपालिकामा १ वटा र प्रत्येक वडामा १/१ वटा | समिति उपसमित गठन भएको रेकर्ड र उक्त समितिहरुको बैठकका निर्णयहरु |
| | | | १.१.४ लैससास सम्वन्धि सवालहरुलाई सम्वोधन गर्ने गरि गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने | 0 | १ पटक | बार्षिक कार्यक्रम तथा बजेट |
| | | | १.१.५ गाउँपालिकाबाट गठन गर्ने हरेक समूह तथा समितिहरु लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार गठन गर्ने र सामाजिक समावेशी समिति गठनको सुनिश्चतता गर्ने | 0 | आवश्यकता अनुसार | पलिकाको विभिन्न समितिहरुको रेकर्ड |
| | | | १.१.६ गाउँपालिकाको कार्यक्रमको बार्षिक रुपमा लैससास बजेट कोडिङ्ग गरि विश्लेषण गर्ने र लैससास परिक्षण गरि देखिएका कमजोरीहरु हटाउन कार्ययोजना तयारी गर्ने | २,००,००० | १ पटक | लैङ्गिक तथा सामाजिक समावेशी बजेट विश्लेषण र सुधार गर्नुपर्ने पक्ष सहितको लैससास परीक्षण प्रतिवेदन |

| क्र.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | इकाई/संख्या | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| | | | १.१.७ गाउँपालिकामा कर्मचारी र सेवा ग्राही दुवैको लागि महिला तथा अपाङ्ग मैत्री शौचालय, स्तनपान कक्षको व्यवस्थापन गर्ने | आन्तरिक व्यवस्थापन | कम्तिमा १/१ वटा शौचालय र स्तनपान कक्ष | गाउँपालिकामा भएको शौचालय र स्तनपान कक्ष |
| | | | १.१.८ गाउँपालिकाको नयाँ बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहल गर्ने (निर्माण व्यवसायीसंगको संझौता गर्दा देखि नै पहल गर्ने) | | आ.व. मा संझौता हुने सवै भौतिक संरचनाहरुमा | गाउँपालिकाले बनाएका डिजाईन ईष्टिमेट र भौतिक संरचना |
| | | | १.१.९ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितहरुको हरेक ३ महिनामा बैठक बस्ने, समिति सदस्यहरु विच जिम्मेवारी बाँडफाँड गर्ने र गाउँपालिकाबाट संचालन भएका कामहरुको लैससासको दृष्टिकोणबाट समिक्षा तथा अनुगमन मुल्याङ्कन गरि प्रतिवेदन तयार गर्ने | ४४,००० | ४४ पटक (गाउँपालिकामा ४ बैठक र वडाहरुमा ४० बैठक) | बैठकका सहभागीहरुको हाजीरी, माईन्यूट तथा निर्णयहरु |
| | | | १.१.५ जेष्ठ नागरिकमा भएको ज्ञान सिप र अनुभवहरु उजागर गरि सिकाई आदान प्रदान गर्न बाल बालिका, बयस्कहरु र जेष्ठ नागरिकहरु विच अन्तरकृया कार्यक्रम आयोजना गर्ने | १,००,००० | २ पटक | सहभागीहरुको हाजिरी तथा निर्णयहरु |
| २ | गाउँपालिका भित्र लैससासका लक्षित वर्ग भनि पहिचान भएका वर्ग तथा समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्दै विकास प्रकृयामा उनीहरुको समान पँहुच र नियन्त्रणको | विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका लक्षित वर्गहरुको व्यवहारिक तथा रणनैतिक आवश्यकताहरुको सम्वोधन र क्षमता विकास गरी उनीहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्दै लगिनेछ। | प्रत्येक वडा वडाका पहिचान गरिएका लक्षित वर्गका विपन्न महिलाहरुलाई उद्यमशिता विकास गरी स्वरोजगारीका माध्यमबाट आर्थिक सशक्तिकरण गर्नका लागि वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि साप्तहिक तालिमको कक्षाहरु संचालन गर्न तालिम पाठ्य सामग्री र पाठ्यक्रम तयारी गर्ने | ४,००,००० | १ पटक | तयार भएको तालिम पाठ्य सामग्री र पाठ्यक्रम |
| | | | उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि साप्तहिक तालिम कक्षाका संचालन तथा समूहलाई सहजीकरणको लागि स्थानीय सहजकर्ता छनौट गर्ने | ५०,००० | २० जना | उद्यम सहजकर्ता भर्ना प्रकृया, छनौट र परिचालनको निर्णय |
| | | | उद्यम सहजकर्ताहरुको क्षमता विकास तालिम संचालन | ४,००,००० | २० जना ५ दिन | हाजिरी र तालिम सिवेदन |
| | | | उद्यम सहजकर्ताहरुको परिचालन र सहभागी खाजा खर्च (१५० सहभागीको लागि) | २,००,००० | सहजकर्ता-५ ३ महिना | सहजकर्ता र सहभागीहरुको हाजिरी, र प्रतिवेदन |
| | | | उक्त वित्तीय शिक्षा तथा उद्यमशिता ज्ञान सम्वन्धि साप्तहिक तालिम कक्षाका सहभागीहरुले छनौट गरेको व्यवसाय संचालनका लागि गाउँपालिकाबाट रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्था गर्ने, | ४,००,००० | ५ वटा वडाका ५० जना व्यक्ति | स्वीकृत बार्षिक कार्यक्रम |

| क.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | इकाई/संख्या | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| | अवसर सृजना गर्ने; | | गाउँपालिकाबाट सहयोग गरिने रिभल्विङ्ग म्याचिङ्ग कोषको व्यवस्थापनका लागि कार्यविधि तयार गरि लागु गर्ने, | २५,००० | १ वटा | तयार भएको कार्यविधि |
| | | | उद्यमीहरुलाई आवश्यक ऋणको लागि बैङ्क तथा वित्तीय संस्थाहरुसंग समन्वय गराउने। | ० | १० जना | सहजकर्ताको प्रतिवेदन र ऋण लिएका उद्यमीको नाम |
| ३ | परम्परागत रुपमा चलि आएका हानीकारक सामाजिक मूल्य मान्यता तथा कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरि लैङ्गिक तथा सामाजिक न्यायमा आधारित व्यवहार परिवर्तन र कानूनी रुपमा मानव अधिकारको पूर्ण उपभोग गर्ने अवसर सृजना गर्ने। | ३.१. गाउँपालिकाका जन प्रतिनिधिहरु, विभिन्न शाखा, उपशाखाका कर्मचारीहरु र स्थानीय सेवा प्रदायक तथा सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन योजनाबद्ध रुपमा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ। | ३.१.१ गाउँपालिकामा भएका घरेलु, लैङ्गिक, सामाजिक तथा अन्य विभिन्न कारणले हुने हिंसा, जोखिम वा सङ्कटापन्न अवस्थाबाट पीडित वा प्रभावित महिलाहरुको समस्या तथा सवालहरुलाई सम्वोधन गर्न गाउँपालिका स्तरमा भएको न्यायीक समिति र प्रत्येक वडा वडामा गठन भएमो मेल मिलाप केन्द्रको प्रभावकारीता बृद्धि गर्न कम्तिमा ३ महिनामा एक पटक नियमित बैठक र आवश्यकता अनुसार थप बैठकहरु बस्ने | ४४,००० | ४४ वटा | न्यायीक समिति र वडा मेलमिलाप केन्द्रको बैठकको माईन्यूट तथा निर्णयहरु |
| | | | ३.१.२ सवै वडामा वडा मेलमिलाप केन्द्रको काममा एकरुपता ल्याउनको लागि उक्त केन्द्रको काम कर्तव्य अधिकार सहितको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने | २५,००० | १ पटक | तयार भएको कार्यविधि |
| | | | ३.१.३ वडा मेलमिलाप केन्द्रको संयोजनमा वडा वडामा लैङ्गिक तथा सामाजिक न्याय प्रवर्धन गर्न मानव अधिकर, महिला अधिकार, दलितका अधिकार, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका अधिकार सम्वन्धमा सचेतनामूलक कानूनी साक्षारता कक्षाहरु संचालन गर्ने | २,००,००० | सवै वडाबाट सहभागीहरु छनौट गरि ४ वटा तालिम | बार्षिक स्वीकृत कार्यक्रम, कानूनी साक्षारता कक्षाको हाजीरी र प्रतिवेदन |
| | | | ३.१.४ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन समिति उपसमिति, न्यायीक समित, वडा मेलमिलाप केन्द्र, जनप्रतिनिधिहरु, सेवा प्रदायकहरु र कर्मचारीहरुलाई लैससास सम्वन्धि क्षमता विकास तालिम संचालन गर्ने | २,००,००० | १ पटक | तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन |
| | | | ३.१.५ हिंसा पिडित व्यक्तिहरुको तत्काल उद्धार गरि पिडितलाई संरक्षण गर्नुपर्ने अवस्थामा उद्धार गरि संरक्षण गर्नका लागि पुनर्स्थापना केन्द्र तथा बाल सुधार गृहको स्थापना गर्नका लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसंग समन्वय गरी स्थापना गर्न पहल गर्ने | २,००,००० | १ पटक | समन्वय गोष्ठीका सहभागीहरुको हाजिरी, कार्ययोजना सम्वन्धि निर्णय र गोष्ठीको प्रतिवेदन |

| क्र.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | इकाई/संख्या | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| | | ३.२ लक्षित वर्ग समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक बिकास विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ । | ३.२.१ वडा वडामा लक्षित वर्गहरुको लागि लैङ्गिक कार्य सिकाई पद्दतीका विधिहरुबाट लैङ्गिक विश्लेषण गरि पारिवारिक योजना निर्माण तथा कार्यान्वयन गर्ने र नेतृत्व क्षमता विकास तालिमको आयोजना गर्ने | ८,००,००० | कम्तिमा २ वडाबाट शुरुवात गर्ने | तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन |
| | | | ३.२.२ वडा वडामा लैससासका लक्षित वर्गहरुको आयआर्जनमा सहयोग पुर्याउनका लागि विभिन्न उत्पादन तथा प्रशोधनसंग सम्वन्धित (कृषि तथा गैह्र कृषि) शीपमूलक तालिमहरुको आयोजना गर्ने | १७,००,००० | ८५ जना लक्षित वर्गका महिला | तालिम सहभागीहरुको हाजीरी र तालिम प्रतिवेदन |
| | | | ३.२.३ तालिम प्राप्त सहभागीहरुलाई तालिम अनुसारको व्यवसाय संचालनका लागि बढिमा ५० प्रतिशत सम्म अनुदान दिने | ९,००,००० | ८५ जना | अनुदानको लागि भएको संझौता, सहयोग बुझेको भर्पाई |
| | | | ३.२.४ गाउँपालिका ले व्यवसाय संचालनका लागि दिने अनुदान सहयोगको कार्य विधि निर्माण गरि लागु गर्ने | २५,००० | १ वटा | तयार भएको कार्यविधि |
| | | | ३.२.५ दलित र विपपन्न परिवारका बालिकाहरुको उच्च शिक्षाको लागि छात्रबृत्ति सहयोगको लागि कार्य विधि बनाई सहयोग दिने | १०,००,००० | १० जना | छनौट प्रकृयाको माईन्यूट र रकम बुझेको प्रमाण |
| ४ | स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने | ४.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरुको प्रयाप्त व्यवस्था गर्न केन्द्र, प्रदेश र स्थानीय सरकार, र बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह सरकारी निकायहरुसंग साझेदारी / सहकार्य, समन्वय र सहजीकरण गरिने छ, | ४.१.१ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि गाउँपालिका को आन्तरिक स्रोतबाट विनियोजन गर्न सकिने स्रोत साधनहरु र आवश्यक पर्ने बाह्य स्रोतको आँकलन गर्ने | ० | गाउँपालीकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा गर्ने | गाउँपालिकाको बजेट विनियोजन तथा स्रोत आँकलन प्रतिवेदन |
| | | | ४.१.२ आवश्यक पर्ने बाह्य स्रोतको आँकलन अनुसार बजेट व्यवस्थापनका लागि सम्वन्धित विभिन्न सरकारी एवं गैह्र सरकारी निकाय र दातृ निकायहरुसंग साझेदारी / सहकार्यको लागि अन्तर्क्रिया तथा समन्वय गोष्ठीको आयोजना गर्ने | २,००,००० | १ पटक | गोष्ठिका सहभागीहरुको हाजिरी तथा गोष्ठी संचालनको प्रतिवेदन |
| | | | ४.१.३ आवश्यक प्राविधिक तथा आर्थिक स्रोत साधनहरु को प्रयाप्त व्यवस्था गर्न सम्वन्धित संघीय, प्रादेशिक मंत्रालयहरु र अन्य बिभिन्न प्रतिष्ठान, आयोग, समिति, दातृ निकाय, विभिन्न सरकारी, एवं गैह्र सरकारी निकायहरुसंग साझेदारी / सहकार्यका लागि फोन सम्पर्क, पत्राचार र स्थलगत भेटघाट मार्फत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोगको लागि प्रस्ताव गर्ने | ० | कम्तिमा १ पटक र आवश्यकता अनुसार पटक पटक गर्ने | पत्राचार गरिएको चिठ्ठीको प्रतिलिपि, स्थलगत भेटघाटको प्रतिवेदन, सहयोगको लागि भएको संझौता वा प्रतिवद्धता पत्र र सहयोग भएको रकम वा मानवीय शंसाधन |
| | | | ४.१.४ लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बाह्य स्रोत जुटाउनका लागि | १,००,००० | | स्वीकृत बार्षिक कार्यक्रम |

| क.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | इकाई/संख्या | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| | | | गाउँपालिकाको आन्तरिक स्रोतबाट म्याचिङ्ग कोषको लागि बजेट छुट्याउने | | | |
| | | ४.२ गाउँपालिकाबाट संचालित सबै कार्यक्रम तथा योजनाहरुलाई आयोजना चक्रको प्रत्येक चरण (समस्या विश्लेषण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समिक्षा) मा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र लैससास उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गरिने छ । | ४.२.१ गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा लैससासको दृष्टिकोणबाट सूचकहरु समावेश गरि गाउँपालिकाको बार्षिक, आवधिक र अनुगमन मूल्यङ्कन प्रतिवेदनहरुमा लैससास खण्डिकृत तथ्याङ्क सहितको प्रतिवेदन बनाउने प्रकृयालाई संस्थागत गर्ने | ० | कम्तिमा १ पटक र आवश्यकता अनुसार पटक पटक गर्ने | गाउँपालिकाको अनुगमन प्रतिवेदनहरु |
| | | | ४.२.२ गाउँपालिकाका विषयगत शाखा प्रमुख, अन्य कर्मचारीहरु, अनुगमन समितिहरु र सूचना प्रविधि शाखाका कर्मचारिहरुलाई अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन लेखनमा लैससास दृष्टकोण सम्वन्धि तालिम दिने | ३,००,००० | १ पटक | तालिमका सहभागिहरुको हाजिरी र तालिम प्रतिवेदन |
| | | | ४.२.३ गाउँपालिकासंगको प्रत्यक्ष साझेदारीमा संचालित हरेक कार्यक्रमका सेवा प्रदायक संघसंस्थाहरुलाई लैङ्गिक खण्डिकृत तथ्याङ्क सहितको प्रगति प्रतिवेदन बुझाउन अनिवार्य गर्ने र प्रतिवेदनको खाका तयार गरि गाउँपालिकाको वेवसाईटमा राख्ने | | १ पटक | सेवा प्रदायकहरुसंग गरेको संझौता, उनीहरुको प्रतिवेदन र गाउँपालिकाको वेवसाईटमा भएको प्रतिवेदनको खाका |
| | | | ४.२.४ लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितिले वा समितिको निगरानीमा परामर्शदाता मार्फत प्रत्येक आ. व. को अन्त्यमा गाउँपालिकाबाट संचालन भएका विभिन्न कार्यक्रमहरु लैससासको दृष्टिकोणबाट अनुगमन गरि प्रतिवेदन तयार गर्ने | १,००,००० | आ.व.मा १ पटक | अनुगमन प्रतिवेदन |
| | | | **पहिलो वर्ष (आ. व. २०८१/ ८२) को कूल जम्मा बजेट रु.** | ८०,७३,००० | | |

## तालिका ६: दोस्रो वर्ष (आ.व. २०८२/८३) को रणनितिक कृयाकलापहरु र कार्ययोजना

| क्र.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | आ. व. | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी तथा समावेशी नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र पिछडिएका वर्ग तथा सीमान्तकृत समुहहरुको समाबेशीता र अर्थपूर्ण सहभागिता गराई लैङ्गिक तथा सामाजिक सवालहरुलाई सम्बोधन गदै लैससास | १.१ लैससास मैत्री नीतिगत व्यवस्था, योजना, कार्यक्रम, बजेट र अनुगमन मूल्याङ्कन प्रक्रियामा बहिस्करणमा परेका समुदायहरुलाई समावेश गरि मुलप्रवाहिकरण गरिनेछ। | १.१.१ वडागत रुपमा लैससासका लक्षित वर्ग हरुको समस्या सम्वोधन गर्न, उनीहरुको आवाजको सुनुवाई हुने वातावरण बनाउन र श्रोत साधनमा पहुँच बृद्धिका लागि महिला, दलित, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, जनजाती, अल्पसख्यकहरु को सवालमा आधारित छुट्टाछुट्टै समूह/सञ्जालहरु गठन गर्ने | ६०००० | २४ समूह | समूह/सञ्जाल दर्ता भएको रेकर्ड |
| | | | १.१.२ लैससास सम्वन्धि सवालहरुलाई सम्वोधन गर्ने गरि गाउँपालिकाको बार्षिक योजना, कार्यक्रम र बजेट तयार गर्ने | 0 | १ पटक | बार्षिक कार्यक्रम तथा बजेट |
| | | | १.१.३ गाउँपालिकाबाट गठन गर्ने हरेक समूह तथा समितिहरु लैङ्गिक तथा सामाजिक समावेशीताको सिद्धान्त अनुसार गठन गर्ने र सामाजिक समावेशी समिति गठन भएको सुनिश्चतता गर्ने | 0 | आवश्यकता अनुसार | पलिकाको विभन्न समितिहरुको रेकर्ड |
| | | | १.१.६ गाउँपालिकाको बार्षिक कार्यक्रम कार्यन्वयनको चरणमा लक्षित वर्गको समावेशीता भए नभएको र उनीहरुलाई फाईदा पुगे नपुगेको सुनिश्चतता गर्ने | 0 | आवश्यकता अनुसार | गाउँपालिकाको प्रगति प्रतिवेदन र अनुगमन प्रतिवेदनहरु |
| | | १.२ लैससास बजेट तर्जुमा र परीक्षण, लैससास मैत्री संस्कृति र कार्य वातावारण सृजना गर्दै संस्थागत प्रणाली तथा संरचनाहरु र | १.२.१ गाउँपालिकाको कार्यक्रमको बार्षिक रुपमा लैससास बजेट कोडिङ्ग गरि विश्लेषण गर्ने र लैससास परिक्षण गरि देखिएका कमजोरीहरु हटाउन कार्ययोजना तयारी गर्ने | २,००,००० | १ पटक | सुधारगर्नुपर्ने पक्ष सहितको लैससास परीक्षण प्रतिवेदन |
| | | | १.२.२ गाउँपालिकामा कर्मचारी र सेवा ग्राही दुवैको लागि महिला तथा अपाङ्ग मैत्री शौचालय, स्तनपान कक्षको व्यवस्थापन गर्ने | आन्तरिक रुपमा व्यवस्थापन गर्ने | कम्तिमा १/१ वटा शौचालय र स्तनपानकक्ष | गाउँपालिकामा भएको शौचालय र स्तनपान कक्ष |

| क्र.स. | उद्देश्य | रणनीति | रणनैतिक कृयाकलाप | लागत अनुमान | आ. व. | प्रगति मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| | मूलप्रबाहिकरण गर्ने। | कार्यक्रमहरुमा लक्षित वर्गहरुको समावेशीकरण, अर्थपूर्ण सहभागिता, पँहुच र अवसरहरु सृजना गर्दै लगिनेछ। | १.२.३ गाउँपालिकाको नयाँ बन्ने संरचनाहरु अपाङ्ग मैत्री बनाउन पहल गर्ने (निर्माण सम्वन्धि हरेक संझौता गर्दा पहल गर्ने) | | निर्माण संरचाना अनुसार | गाउँपालिकाले बनाएका डिजाईन ईष्टिमेट र भौतिक संरचना |
